नेपाल सरकार
अर्थ मन्त्रालय
# महालेखा नियन्त्रक कार्यालय
(बजेट कार्यान्वयन शाखा)

प.सं. २०७६।०७७
च.नं. ४४८

मितिः २०७६।११।१८

विषयः आर्थिक बर्ष २०७६/०७७ को खर्च गर्ने अख्तियारी ।

श्री प्रमुख,
कोष तथा लेखा नियन्त्रक कार्यालय
सबै ।

प्रस्तुत विषयमा अर्थ मन्त्रालयको प.स. २०७६/७७ अख्तियारी, च.नं. ५९५, मिति २०७६/११/११ को पत्रबाट यस कार्यालयलाई प्राप्त अख्तियारी बमोजिम चालु आर्थिक बर्षमा बृद्धि भएको तलब बापतको रकम माग गर्ने कार्यालयको बजेट उपशिर्षक र खर्च संकेतमा रकमान्तर गरी निकासा दिने र हिसाब यकिन भए पश्चात आर्थिक बर्षको अन्त्यमा मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मा अध्यावधिक गराउने गरी अख्तियारी प्राप्त भएको छ । यसरी तलबको लागि रकम निकासा माग गर्ने कार्यालयको बजेट उप शिर्षक नम्बर र खर्च संकेत नम्बरमा विनियोजित सम्पूर्ण रकम खर्च भई शुन्य भएपछि नपुग रकम निकासा माग भई आएमा बजेट उपशिर्षक नम्बर ६०१०००१५ (कर्मचारी सुविधा) को खर्च संकेत नम्बर २११११ (पारिश्रमिक कर्मचारी) बाट माग गर्ने कार्यलयकै सम्बन्धित बजेट उपशिर्षक नम्बर र खर्च संकेत नम्बरमा नपुग रकम रकमान्तर गर्ने, अख्तियारी कायम गरी प्रचलित कानून अनुसार निकासा गर्ने, सो को लेखा राख्ने, लेखापरिक्षण गर्ने गराउने व्यवस्था मिलाउने र यसरी निकासा गरिएको रकमको २०७७ जेठ मसान्तसम्म यस कार्यालयमा प्रतिवेदन गर्ने गरी आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२ को उपनियम (२) को व्यवस्था अनुसार तपाईलाई यो अख्तियारी सुम्पेको छु ।

(गोपीनाथ मैनाली)
महालेखा नियन्त्रक

बोधार्थ :-
श्री महालेखा परिक्षकको कार्यालय, बबरमहल, काठमाण्डौ ।
श्री अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम महाशाखा, सिंहदरवार काठमाण्डौं ।
श्री महालेखा नियन्त्रक कार्यालय, आन्तरिक तथा आर्थिक प्रशासन शाखा ।
श्री महालेखा नियन्त्रक कार्यालय, कोष प्रशासन शाखा ।